म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २९१ सोमबार १६ जेठ २०७९ ने. सं. ११४२ बछलाथ्व 30 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

सर्पको टोकाईबाट बचौं र बचाऔं ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सञ्चालनमा आउँला त हेटौंडा कपडा उद्योग ?

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा कपडा उद्योग सञ्चालनमा ल्याउने सरकारले घोषणा गरेको छ ।

संघीय सरकारको आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट संसदमा प्रस्तुत गर्दै अर्थमन्त्री जनार्दन शर्माले हेटौंडा कपडा उद्योगसञ्चालनमा ल्याइने घोषणा गरेका हुन् ।

अर्थमन्त्री शर्माले वर्षौंदेखि बन्द अवस्थामा रहेको कपडा उद्योगलाई उपयुक्त ढाँचामा सञ्चालन गरिने बताएका छन् । सरकारले हेटौंडा कपडा उद्योगबाट उत्पादित कपडा सार्वजनिक पद धारण गरेका व्यक्तिले लगाउनुपर्ने पनि बजेटमा घोषणा गरेको छ ।

बजेट मार्फत् रुग्ण उद्योगहरुलाई पुनर्संरचना गर्ने भन्दै सरकारले हेटौंडा कपडा उद्योगलाई पुन: सञ्चालन गर्दै सार्वजनिक पदमा बसेकाहरुलाई हेटौंडा उद्योगमा उत्पादित कपडा लगाउने व्यवस्था गर्ने घोषणा गरेको हो । चीनको सहयोगमा २०३२ सालबाट निर्माण सुरु भएको उद्योग २०३५ सालबाट सञ्चालनमा आएको थियो । राजनीतिक खिचातानीको कारण कुनै समय नेपालभरी लोकप्रिय बनेको हेटौंडा कपडा उद्योग दुई दशकदेखि बन्द अवस्थामा छ ।

कपडा उत्पादनको नेपाली औद्योगिक बजारमा कुनै बेला एकछत्र राज गरेको हेटौंडा कपडा उद्योग अहिले अवशेष पनि समाप्त हुने अवस्थामा पुगेको छ । दुई दशकअघि पूरै बन्द भएको उद्योगको भौतिक संरचना जीर्ण अवस्थामा पुगेको छ ।



चीन सरकारको लगानी र नेपाल सरकारको स्वामित्वमा सञ्चालन भएको हेटौंडा कपडा उद्योग २०५७ सालदेखि पूर्णरूपमा बन्द भएको हो । चीनको सहयोगमा २०३२ सालबाट निर्माण सुरु भएको उद्योग २०३५ सालबाट सञ्चालनमा आएको थियो । १७ करोड लागतमा हेटौंडाको औद्योगिक क्षेत्रमा २४३ रोपनी जग्गामा फैलिएर बनेको हेटौंडा कपडा उद्योग अहिले एकादेशको कथा बन्न पुगेको छ ।

उद्योग स्थापना भएर सञ्चालन हुँदा ११ सय जनाले यसबाट रोजगारी पाएका थिए। उद्योगले ११ सय जनालाई रोजगारी मात्रै दिएको थिएन, उनीहरूलाई घर बनाउने जग्गा, आवश्यक ऋृण उपलब्ध गराउनुका साथै उद्योगमा काम गर्ने कर्मचारीका छोराछोरीलाई पढाउन विद्यालय नै सञ्चालन गरेको थियो ।

सुरुमा एक सिफ्टमा मात्रै सञ्चालन भएको उद्योग विस्तार हुँदै जाने क्रममा २०३८ सालबाट दुई सिफ्ट र २०३९ सालबाट ३ सिफ्टमा सञ्चालन हुन थाल्यो । ३ सिफ्टमा पूर्ण सञ्चालनमा आएको उद्योगले वार्षिक कोरा कपडा १ सय १० लाख मिटर, २ सय ५० मेट्रिक टन सुती कपडा र सोही परिमाणमा बुट्टेदार र सेता कपडा उत्पादन गर्थ्यो ।

उद्योगले उत्पादन गर्ने कपडा राम्रो र गुणस्तरीय हुनुका साथै नेपालमै उत्पादन भएकाले निकै लोकप्रिय थियो । तर सरकारी स्वामित्वमा रहेको उद्योगमा विस्तारै राजनीतिक हस्तक्षेप बढ्दै जाँदा नेपाललाई कपडा उत्पादनमा पूर्ण आत्मनिर्भर बनाउने लयमा दौडिरहेको उद्योग बन्द नै हुन पुग्यो । उद्योग दक्ष कर्मचारीभन्दा पनि राजनीतिक दलका कार्यकर्ता भर्ती स्थल बन्दै गएपछि बन्द हुन पुगेको सरोकारवालाहरूको भनाइ छ ।

राजनीतिक पहुँचको आधारमा आवश्यकताभन्दा बढी कर्मचारी भर्ती गर्नु, कर्मचारीका रूपमा कार्यकर्ता भर्ती गर्नु र भर्ती भएका कार्यकर्ता काम छोडेर राजनीतिक आन्दोलनमा होमिनुले उद्योग बन्द हुने अवस्थामा पुग्यो। स्थापनाको १९ वर्षसम्म घाटामा नगएको उद्योगमा २०५४ सालबाट भएको कर्मचारी आन्दोलन, राजनीतिक आस्थाका आधारमा व्यवस्थापक नियुक्ति र हस्तक्षेपले उग्र रूप लिन थालेपछि उद्योगमा आर्थिक समस्या सुरु हुन थाल्यो ।

चालु पुँजी जुटाउन बैंकबाट ऋृण लिनुपर्ने स्थितिमा पुग्यो, जसले गर्दा उद्योग घाटामा गयो। ३ वर्षसम्म उद्योग घाटामा भए पनि चल्यो तर निरन्तर घाटामा गएर उद्योग चल्नै नसक्ने अवस्था आएपछि २०५७ साल माघ १८ गते नेपाल सरकारको मन्त्रिपरिषद् निर्णयले कामदार र कर्मचारीलाई सामूहिक अवकाश दिई हेटौंडा कपडा उद्योग बन्दको घोषणा गऱ्यो ।

उद्योग बन्द भएपछि सरकारले २०५८ मा निजीकरणको प्रयास सुरु गऱ्यो । निजीकरणका लागि बोलपत्र आह्वान गरियो तर दुई पटकसम्म निकालिएको सूचनामा बोलपत्र परेन । उद्योग पूर्ण रूपमा बन्द भएको ८ वर्षपछि २०६५ सालमा बाबुराम भट्टराईले अर्थमन्त्री हुँदा उद्योग सञ्चालनका लागि ९ करोड रुपैयाँ बजेटसमेत छुट्याए तर उद्योग सञ्चालन भने गर्न सकेनन् । त्यसपछि हालसम्म पनि उद्योग सञ्चालनका लागि सरकारले समितिहरू गठन गर्ने र अध्ययन गर्ने काम गरे पनि सञ्चालनमा भने ल्याउन सकेको छैन ।

विभिन्न समयमा सरकारको बजेट भाषण, राजनीतिक दलका नेता र मन्त्रीहरुको भाषणमा हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने कुराले प्राथमिकता पाएको भएपनि सञ्चालन भने हुन सकेको छैन । दुई दशकभन्दा लामो समयदेखी बन्द अवस्थामा रहेको उद्योग सञ्चालन गर्ने विषय यसअघि पनि बजेट भाषणमा नपरेको होइन । उद्योग सञ्चालन गर्ने घोषणा बजेट भाषणमा गरेपनि यथार्थमा सरकारले सञ्चालन गर्न सकेको छैन ।

संघीय सरकारले आइतबार गरेको बजेट भाषणमा हेटौंडा-१० कर्रामा तटबन्ध निर्माण तथा करिडोर निर्माण गरिने पनि घोषणा गरिएको छ । त्यस्तैगरि बागमती प्रदेश सरकारले न्यूनतम साझा कार्यक्रममा राखेका तीनवटा सुरुङमार्ग निर्माण योजना केन्द्रीय सरकारको बजेटमा पनि परेको छ । प्रदेश सरकारको साझा कार्यक्रममा रहेको मकवानपुरको भीमफेदी-कुलेखानी, सिन्धुलीको खुर्कोट-चियाबारी सुरुङमार्ग र धादिङ र चितवनलाई जोड्ने हुग्दिखोला-शक्तिखोर सुरुङमार्ग निर्माण गरिने सरकारले घोषणा गरेको छ । सरकारले चितवनबाट देशको केन्द्रीय राजधानी काठमाडौं एक घण्टमा नै पुग्ने द्रुतमार्ग निर्माण गर्ने भएको छ ।

चन्द्रागिरी-चित्लाङ-पालङु-चितवन द्रुतमार्ग निर्माण गरिने घोषणा सरकारले गरेको छ । त्यस्तैगरी बाराको अम्लेखगञ्जबाट मकवानपुरको लोथरसम्म पेट्रोलियम पाइप लाइन निर्माण गर्ने पनि सरकारले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

# बागमती प्रदेशको नीति तथा कार्यक्रम आज आउँदै

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशको आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम जेठ आज सोमबार आउने भएको छ । प्रदेश सरकारले आगामी आवको नीति तथा कार्यक्रम आज बस्ने प्रदेशसभा बैठकमा प्रस्तुत गर्ने भएको हो ।



आज सोमबार दिउँसो २ बजे बस्ने प्रदेशसभा बैठकमा सरकारको तर्फबाट प्रदेश प्रमुख यादवचन्द्र शर्माले संसदमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने भएका छन् । देश संघीयतामा भएपछि पहिलो पटक बनेको प्रदेश सरकारको यो अन्तिम कार्यकाल हो ।

प्रदेश सरकारले पाचौं पटक नीति तथा कार्यक्रम ल्याउन लागेको भएपनि गठबन्धनको नेतृत्वमा भने पहिलो पटक सदनमा नीति तथा कार्यक्रम आउन लागेको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा प्रदेश सरकारले कृषि, उत्पादन, रोजगारी र आत्मनिर्भरतालाई प्राथमिकतामा राखेको प्रदेश सरकारले बताएको छ ।

यसअघि शुक्रबार बसेको प्रदेशसभा बैठकमा प्रदेश सरकारको तर्फबाट अर्थमन्त्री शालिकराम जम्मकट्टेलले नीति तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता संसदमा प्रस्तुत गरिसकेका छन् । उनले शुक्रबार संसदमा पेस गरेको प्रि-बजेटमाथी शनिबार सांसदहरुले छलफल गरेका थिए ।

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA
e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

स्थानीय तह सहीद स्मृति गोल्डकप
अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता
चौंथो संस्करण-२०७९ मकवानपुर

सहभागी टिमहरु
मनाङमर्स्याङ्दी क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, फ्रेण्डस् क्लब, खुमलटार युथ क्लब, नव जनजागृती क्लब सिमरा, बागमती युवा क्लब सर्लाही, विजय युथ क्लब हेटौंडा, बीएफसी चितवन, एभिनियर एफसी क्यामरुन र चर्चब्वाइज क्लब

२०७९ जेठ १९ देखि २८ गतेसम्म
स्थान : पिप्ले क्याम्पा रंगशाला खेल समय : दिउँसो ३ बजे,

मुख्य प्रायोजक :
हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, बागमती गाउँपालिका, बकैया गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, इन्द्रसरोबर गाउँपालिका, राक्सिराङ गाउँपालिका, भीमफेदी गाउँपालिका, कैलाश गाउँपालिका, मनहरी गाउँपालिका र जिल्ला समन्वय समिति मकवानपुर

विशेष सहयोगी :
प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश, हेटौंडा
पुरन बहादुर जोशी
हटौंडा स्कुल अफम्यानेजमेन्ट

आयोजक
मकवानपुर जिल्ला फुटबल संघ
हेटौंडा

साझाकुरा

## हाम्रो कुरा

# विपद व्यवस्थापन तयारी गरौं

मनसुनको सक्रियतासँगै विभिन्न ठाउँमा भारी वर्षा भइरहेको छ । भारी वर्षाका कारण विभिन्न नदीहरुमा जलसतह क्रमश: बृद्धि हुँदैछ । अविरल वर्षाका कारण पूर्वदेखि पश्चिमसम्मै तराईका विभिन्न शहरहरु डुबानमा पर्न थालेका छन् भने पहाडी क्षेत्रमा पहिरोको जोखिम बढ्दै गएको छ । बाढी, पहिरो तथा डुबानले निम्त्याउने जनधनको क्षतिप्रति तराई तथा पहाडी जिल्लाका बासिन्दाहरु चिन्तित बनिरहेका छन् । अझ केही दिन देशको मध्य तथा पूर्वी क्षेत्रमा वर्षा भइरहने मौसम पूर्वानुमान महाशाखाले जानकारी दिएको हुँदा मनसुनले निम्त्याउने बाढी, पहिरो तथा डुबानजस्ता प्रकोपप्रति विशेष सतर्कता आवश्यक देखिएको छ ।

वर्षा सिजन सुरु भएसँगै बाढी र पहिरोका घटनाहरु बढ्न थालेका छन् । मुलसधारे वर्षाका कारण बाढी र पहिरोले भौतिक सम्पत्ति तथा मानवीय क्षति पुऱ्याउने गर्दछ । वर्षाको समयमा सक्रिय हुने मनसुनका कारण मुलुकको मेचीदेखि महाकालीसम्मका नदीहरुमा पानीको सतह बढेर बाढी, पहिरो, डुबान तथा कटान भइरहेको छ । वर्षाका कारण पहिरोमा थुप्रैले ज्यान गुमाइसकेका छन् । प्राविधिक जाँचबिना खनिने ग्रामीण सडक र भूकम्पले धुजाधुजा बनाएको कमजोर भूगोलका कारण नेपाल पहिरोको उच्च जोखिममा छ । प्राकृतिक जोखिम उच्च भएपनि यसबाट हुने क्षति न्यूनीकरणमा भने कुनै प्रभावकारी काम हुन सकेको छैन । नेपालका धेरै बस्तीहरु पहाड, नदी किनारहरुमा रहेकोले पनि बाढी तथा पहिरोको जोखिम छ । प्राकृतिक प्रकोपहरु बर्षाको समयमा बढी सक्रिय भएर आउने गरेको विगतका घटनाहरुलाई स्मरण गरेर भए पनि सरकारले सम्भावित स्थानहरुमा पूर्वसतर्कता र विशेष सुरक्षाको व्यवस्था गर्नु अति जरुरी भइसकेको छ । समस्या आइसकेपछि अत्तिनुभन्दा पनि पहिले नै प्राकृतिक प्रकोपको रोकथाम र नियन्त्रण गर्न सरकारले क्रियाशीलता देखाउनु जरुरी हुन्छ । जनधनको क्षति हुनुपूर्व नै सरोकारवाला निकायले आवश्यक चासो र सतर्कता देखाउने हो भने यस्ता प्रकोपहरुको असर र पीडा न्यूनीकरण हुने अपेक्षा गर्न सकिन्छ । वर्षेनि धेरै नागरिकका लागि पीडा बोकेर आउने प्राकृतिक प्रकोपको रोकथाम र क्षति न्यूनीकरणतर्फ राज्य उदासीन भएका कारण प्रभावित क्षेत्रका नागरिकले थप पीडा बोक्न बाध्य हुने गरेका छन् ।

वर्षामा हुने जोखिम न्यूनीरकण गर्न जति काम हुनुपर्ने हो त्यो हुन सकेको छैन । त्यतिमात्र होइन, जोखिमपछिको विपत व्यवस्थापनतर्फ प्रभावकारी काम हुन नसक्दा पीडितले समयमै राहत पाउन नसकेका उदाहरण थुप्रै छन् । वर्षामा खोलानालामा आउने बाढी, पहाडी क्षेत्रमा आउने पहिरो तथा तराई क्षेत्रमा हुने डुबानबाट नागरिकलाई सुरक्षा दिनु सरकारको कर्तव्य हो । राज्यको विपद व्यवस्थापन गर्ने निकायलाई साधन, स्रोतसम्पन्न बनाउनुपर्छ । विपद व्यवस्थापन गर्ने निकायलाई हरेक स्थानीय तहमा स्थापना गर्नुपर्छ । वर्षामा हुने प्राकृतिक प्रकोपको जोखिमप्रति सम्बन्धित निकाय सचेत भई विपत् व्यवस्थानको लागि चनाखो हुनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ १७ गते मंगलबार ३१ अप्रिल २०२२ । गोसाइकुण्ड स्नान आरम्भ/दशहरा स्नान आरम्भ/विश्व सुर्तीजन्य पदार्थ विरुद्धको दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मिहिनेतको फल मिल्नेछ | **तुला** | : घाउचोट लाग्न सक्नेछ |
| **वृष** | : स्वास्थ्यमा खराबी आउनेछ | **वृश्चिक** | : जग्गा जमिनबाट लाभ हुनेछ |
| **मिथुन** | : शुभ कामको संकेत मिल्नेछ | **धनु** | : सोचेभन्दा बढी खर्च हुनेछ |
| **कर्कट** | : शरीरमा केही आलश्य हुनेछ | **मकर** | : मित्रतामा कमी आउनेछ |
| **सिंह** | : सफलता मिल्न गाह्रो छ | **कुम्भ** | : कामको जिम्मेवारी बढ्नेछ |
| **कन्या** | : यात्राबाट नोक्सान हुनेछ | **मीन** | : मनोरञ्जन प्राप्त हुनेछ |

# अनुभूति गर्न नपाएको गणतन्त्र



✍ मल्ल के. सुन्दर

नागरिकलाई सर्वाधिकारसम्पन्न बनाएर राज्यको निर्णायक तहसम्म स्थापित गराउने एउटा सर्वोत्कृष्ट प्रणाली हो- गणतन्त्र । लोकतन्त्रका विविध सत्ता-स्वरूपमध्ये गणतन्त्रलाई आधुनिक युगले उन्नत राजनीतिक अभ्यासका रूपमा अंगीकार गर्दै आएको छ । त्यसो त, गणतन्त्र नेपालका लागि नौलो होइन ।

प्राचीनकालमै नेपाल सरहदभित्र गणतन्त्रको अभ्यास हुन्थ्यो । त्यसमा पूर्वी पर्वतीय क्षेत्रमा आधिपत्य जमाएका किराती विरासत मूलत: गणतन्त्रात्मक थिए, जसको प्रशस्त चर्चा हामी महाभारतजस्तो प्राचीन आख्यानमा पाउँछौं । शाक्य, कोलीय तथा मल्लहरूका जनपदहरू यस्तै दृष्टान्त हुन् । शुद्धोदनको ऐतिहासिक कपिलवस्तु तीमध्ये एउटा थियो । त्यहाँ आवधिक रूपमा सन्थागरमा जनपदका प्रतिनिधिहरू भेला हुन्थे र नयाँ शासकहरूको चयन गरिन्थ्यो । युनानको एथेन्समा प्रचलित नगरीय गणतन्त्र र हाम्रा जनपथका प्रणालीगत प्रारूपमा फरक देखिन्थ्यो तर राज्यसत्ताको सारतत्त्व भने भिन्न थिएन । यद्यपि, वर्तमान विन्दुसम्म आइपुग्दा गणतन्त्र अनेक अर्थमा फरक भइसकेको छ ।

पछिल्लो कालखण्डमा एकात्मक सामन्ती सत्ताको निरन्तरताका अतिरिक्त त्यस मातहत आम जनताले भोग्नुपरेका विभेद, शोषण र उत्पीडन आलोच्य रहे जनमानसले त्यसबाट उन्मुक्ति खोज्दै गणतन्त्रप्रति आसक्ति जाहेर गर्न थाले । सात सालको राजनीतिक परिवर्तनको सेरोफेरोमा बीजारोपण भएको आकांक्षाले अंकुरण हुँदै वर्तमान संविधान जारी भएको दिनसम्म आइपुग्दा मूर्त रूप पायो ।

तसर्थ, नेपालको परिवेशमा गणतन्त्र शासन प्रणालीको रूपान्तरित स्वरूप वा शासक पदमा परिवर्तित आकृति मात्र नभई विगतमा सत्ताभित्र झाँगिएका अनेक विकृति तथा विसंगतिको अवसान तथा लोककल्याणका अग्रगमनकारी अभियानको आरम्भसमेत हो । यिनै अपेक्षा र उमंगका साथ नेपाली जनता अनेक आन्दोलन, संघर्ष, सशस्त्र क्रान्तिका मोर्चामा पंक्तिबद्ध हुँदै आएर अतुलनीय बलिदान तथा आहुतिका लागि तयार भए । आजको गणतान्त्रिक व्यवस्थाको अन्तर्यमा ती ज्ञात-अज्ञात शहादत आत्माहरू तथा अनगिन्ती योद्धाका बलिदानका गाथाहरू सिञ्चित छन् ।

राजनीतिक आलोकबाट हेर्दा नेपालको ऐतिहासिक विकासक्रममा यो एउटा महत्त्वपूर्ण छलाङको क्षण हो । त्यसैले यस क्षण, यस दिनको स्मृति र सम्मानमा हामी बर्सेनि गणतन्त्र दिवस मनाउँदै आइरहेका छौं आज पनि मनाउँदै छौं । यति हुँदाहुँदै पनि जिज्ञासाको कुरा छ । एउटा लामो एकात्मक सामन्ती सत्ताको अन्त्य, परिवारवाद, हुकुमी शासन, निरंकुशता, अपारदर्शिता, पश्चगामी शैली तथा अलोकतान्त्रिक प्रणालीको विस्थापन, त्यसको स्थानमा जग बसालेको नागरिकको सर्वोच्चता अनि अग्रगमनकारी राज्यसत्ताको आरम्भ-यस्तो सुखद अवसरमा पनि आम नेपाली किन उत्साहित छैनन् ? गणतन्त्रको वर्तमान माहोलमा पनि किन नागरिकहरूमा उल्लास देखिँदैन ? यति विघ्न महत्ता बोकेको गणतन्त्र दिवसको अवसर पनि किन उमंगमय बनेन ? सरकारी उर्दीको तामेली गर्नुपर्ने र राज्यको सुविधा भोग्दै गरेका केही नव-अभिजातका बीच मात्रै गणतन्त्र दिवसजस्तो राष्ट्रिय ऐतिहासिक पर्व किन संकुचनमा पर्दै गयो ? प्रश्नहरू प्रत्युत्तरको खोजीमा छन् आज ।

***खाँटी कुरो***

नेपाली जनमानस प्रजाबाट नागरिकमा रूपान्तरित मात्र भएन, राज्यसत्ताको स्रोतको हैसियतमा सार्वभौम भएर उभिन संघर्षरत रहँदै आयो । गणतन्त्रलाई त्यही लक्ष्यप्राप्तिको राजनीतिक महायात्राका रूपमा उनीहरूले बुझेका हुन् । प्रत्येक नागरिक सार्वभौम एकाइ हुनेछौं र आफूमा आत्मनिर्णयको सार्वभौमिक क्षमता निहित हुनेछ भन्ने गहन आस्थाबाट उत्प्रेरित भएर उनीहरू गणतन्त्रको पक्षधर बन्न पुगे । उनीहरू विगतको कुनै एक व्यक्ति, एक परिवार, एउटा कुलीन घरानाको सामन्ती शैलीलाई भत्काएर सही अर्थमा नागरिक सर्वोच्चता कायम गर्न चाहन्थे । जनशक्तिको बलमा सामन्ती राजतन्त्रलाई विगतको एउटा कालखण्ड बन्न पुग्यो, अनि नवीन प्रारूपयुक्त राज्यसत्ताको बुझाइमा गणतन्त्र संस्थागत भयो । त्यसका लागि विधिगत आधारशिलाका रूपमा नयाँ संविधान पनि जारी गरियो ।

संविधान फेरियो, संहिताहरू फेरिए । राज्यसत्ताको स्वरूप नौलो भयो । सत्तासँगको सामीप्यमा फरक व्यक्ति, समूह, दल शक्तिशाली बन्ने अवसर जुट्यो । तर भुइँमान्छेहरू भुइँमै रहे । सार्वभौमयुक्त भएर उकालो लाग्लान् कि भनेका आम नेपालीलाई फेरि पनि आत्मनिर्णयको आधारशिलासम्म पुग्न दिइएन । गणतन्त्र भनिएको व्यवस्था र अवस्थामा पनि अमुक नेतृत्व, दल वा आग्रहको स्वार्थको पिछलग्गु बन्नुपर्ने दासवृत्तिको सिकार बनाउँदै लगियो । दलतन्त्रको जालोमा फसाएर राजनीतिक आस्थाका आवरणमा व्यक्तिहरूलाई दलीय दास बन्न बाध्य पारियो । त्यसैले अहिले नागरिक सर्वोच्चताको नाउँमा दलीय हैकम प्रबल भयो । दलीय प्राधिकारको अभ्यास भन्दै पार्टीहरूभित्र नेतृत्वपंक्तिको एकछत्र छ । फेरिएको भनिएको सामन्ती पद्धतिको पार्टीको आवरणमा पुनरावृत्ति भइरहेको छ । एउटै व्यक्ति तीन दशकसम्म दलको मूली बनेको छ, सर्वसम्मत र सहमतिका नाउँमा फरक विचार बोक्नेहरूलाई पाखा लगाइएको छ, निर्णय प्रक्रियामा एकलौटी र निजात्मक आवेग छ । पाँचपाँच पटकसम्म कार्यकारी प्रमुख भइसक्दा पनि विश्रामको आवश्यकता नठान्ने र सात पटकसम्मको योग छ भन्दै आत्मकेन्द्रित प्रवृत्ति बोकेकाहरूको हालीमुहाली छ । चित्र फरक होला तर चरित्र इतिहासले विसर्जन गरिसकेका हिजोका सामन्तहरूको भन्दा पृथक् देखिएन । अनि यस्तोमा सर्वसाधारण जनगणतन्त्र दिवस एउटा सुखद अवसर हो भन्दै कसरी रमाउन सक्लान् ?

***नफेरिएको स्थिति***

सामन्ती कालखण्डप्रति वितृष्णा र विद्रोह अव्यवस्था, अराजकता र असंगत पद्धति-प्रणालीप्रति केन्द्रित थियो । त्यसबाट आजित जनता उन्मुक्ति चाहन्थे र परिवर्तनका पक्षमा लागिपरे । एउटा उन्नत राजनीतिक व्यवस्थाका रूपमा मात्र होइन, समतामूलक समाजको स्थापना, आर्थिक सुशासन, पारदर्शिता र सबल न्यायप्रणालीको अपेक्षासमेत राखिएको थियो गणतान्त्रिक व्यवस्थाबाट ।

दु:खको कुरा, गणतन्त्र स्थापनाको एक दशकको अवधिभित्र न्यायपालिका जुन रूपमा विवादित र आलोच्य बन्यो, त्यो नेपालको इतिहासमा कहिल्यै भएन । न्याय पैसा र प्रभावको परिवेशमा फस्दै गयो । स्वयं प्रधानन्यायाधीशजस्तो व्यक्ति लाञ्छित, आरोपित बने । न्यायपालिका एक अर्थमा भ्रष्टाचारको दैलोका रूपमा फेरियो । साथसाथै अपराधीलाई उन्मुक्तिको स्थितिले मुलुकलाई दण्डविहीनताको अवस्थातिर धकेल्दै लगेको छ, । यसले अदालतप्रति जनआस्था क्षीण बनाउँदै लग्यो । नागरिकहरूको हक-अधिकार प्रतिरक्षाको अन्तिम केन्द्र ठानिने न्यायपालिकाको यस खाले क्षयीकरण प्रत्यक्षत: कलिलो गणतन्त्रप्रति वितृष्णाको एउटा प्रमुख कारक बन्यो ।

समतामूलक समाज निर्माणको अभीष्ट एकातिर राज्यको कागजी अभिलेखमा छ भने, अर्कातिर यसैबीच राज्यस्रोत वितरणमा रहेका असमानताका कारण हुनेखाने र विपन्नहरूका बीचको खाडल यति गहिरिँदै गएको छ, त्यसले समाजमा छिटै विस्फोटक स्थिति जन्माउन सक्छ । राज्यको कमजोर उपस्थितिकै कारण महिलाहरूप्रतिको यौनिक हिंसा, दलित र उत्पीडितहरूमाथि विभेदमा कमी आउन सकेको छैन । बेरोजगार र हात-मुख जोड्ने समस्याले नेपाली श्रमिकहरू दिनहुँ खाडी मुलुकतिर भौतारिनुपर्ने बाध्यताबाट उन्मुक्ति पाएको छैन । सामान्य परिवारजनले प्रत्येक दिन झेल्नुपर्ने उपभोग्य वस्तुको अभाव, मूल्यवृद्धि, अनियन्त्रित बजारको स्थिति झन् विकराल छ । निर्धनले आफ्नो स्रोतबाट शिक्षा अनि स्वास्थ्य सेवा धान्न नसक्ने भइसकेको छ । एक अर्थमा, हिजोको राजाको शासनकाल, पञ्चायती निरंकुश व्यवस्थामा पनि बेहोर्नु नपरेको जीवनयापनको जटिलतम स्थितिमा छन् आज नेपाली जनता । उनीहरूले अहिलेको राजनीतिक व्यवस्थामा आएको परिवर्तनलाई कसरी बुझ्ने ? अनि परिवर्तनको नाउँमा स्थापित गणतन्त्रको परिवेशमा सुखको बोध गर्ने कसरी ? यथार्थत: ती भुइँमान्छेहरूका लागि आजको स्थिति नफेरिएको मात्र होइन, विगतको भन्दा रसातल पुगेसरह भइरहेको छ ।

***वितृष्णाहरू***

गणतन्त्रले नागरिकका सन्ततिलाई पनि राष्ट्रप्रमुखसम्म हुने अवसर दियो । अहिले सर्वसाधारणको घरदैलो र पिँढीमा हुर्केकी महिला मुलुकको राष्ट्रपति छिन् । एक अर्थमा जनताका लागि गर्व र हर्षको विषय हो यो । अर्कातिर, जब जनताको माझबाट राजनेताको आसनमा पुगेकी तिनै व्यक्तिको जीवनशैली, आचरण र सोचमा सामन्ती राजतन्त्रको पुनरावृत्ति भइरहेको पाउँछौं तब स्वाभाविक रूपमा जनमानसमा वितृष्णाको लहर उत्पन्न हुन्छ । गणतान्त्रिक व्यवस्थाकी राष्ट्रप्रमुख हिजोकै राजशाहीको झल्को दिँदै सडकमा आउजाउ गर्छिन्, त्यस्तै शैलीमा मठ-मन्दिर प्रवेश गर्छिन् र तामझाममा रमाउने गर्छिन्, स्वाभाविक रूपमा जनताको मनमा प्रश्न उठ्छ- विगतको राजतन्त्र र आजको गणतन्त्रबीचको तात्त्विक अन्तर के हो ? विरक्ति अस्वाभाविक होइन, यदि सुधार आएन भने यो विद्रोहमा रूपान्तरण पनि होला, भोलि कुनै दिन ।

लोकतन्त्र, जनवाद, जनपक्षीयताका लागि राजनीति गरिरहेको दाबी गर्ने हिजोकै नेताहरू आज सत्ता-सुविधावरपर पुगेका छन् । उनीहरूका पुराना चप्पल, फाटेका लुगा अनि काँधमा बोकेका झोलाहरू जनताले बिर्सेका छैनन् । तर, आज राजनीतिलाई अवसर र औजारका रूपमा प्रयोग गर्न सिपालु उनीहरूको राजधानी-मोह र परिवर्तित जीवनशैली अनुत्तरित छ । राजतन्त्रबाट गणतन्त्रमा भएको फड्कोले खोजेको यही थियो ? जनता सोध्छन् । नेतृत्वपंक्तिले भ्रमित पारेका जनतामा वितृष्णा मात्र होइन, दह्रो विमति पनि छ ।

***नबदलिएको अनुभूति***

जनबलकै आधारमा स्थापित गणतन्त्रले जनताको अनुमोदनमा वैधानिकता पाएको छ । यसले क्रमिक रूपमा पूर्णता ग्रहण गर्दै गरेको छ । नेपालमा जसरी राजतन्त्रबाट गणतन्त्रमा बिनारक्तपात शान्तिपूर्ण संक्रमण भयो, विश्वराजनीतिका लागि त्यो अनुकरणीय र गर्व गर्नलायक हो । गम्भीर कुरो, यस्तोमा पनि गणतान्त्रिक रूपान्तरणप्रति हाम्रा भुइँमान्छेहरूलाई नौलो अनुभूति हुन सकेको छैन । उनीहरूले आफूहरू सामन्ती राजतन्त्रबाट परिवर्तित गणतन्त्रात्मक राजनीतिक परिवेशमा छौं अनि सर्वाधिकारयुक्त, सार्वभौम, आत्मनिर्णय गर्न हैसियतका नागरिक रूपमा सम्मानित भएका छौं भनेर अनुभूति गर्न सकेका छैनन् । चिन्ताको विषय छ- हाम्रा राजनेताहरूले गणतन्त्रलाई अनुभूतिमा होइन, यत्तिकै आवरणमा अनि औपचारिकताको परिधिमा खुम्च्याउँदै लग्ने पो हुन् कि ? जनअनुमोदन प्राप्त पद्धतिको नाउँमा अन्तत: जनताको पंक्तिलाई नै विमुख पार्दै लैजाने पो हुन् कि ? *-इकान्तिपुरबाट*

# किन सङ्कटमा पर्दै छ वन कुकुर ?

## वासस्थान अतिक्रमण, आहाराजन्य प्रजातिको कमी, विष तथा पासो थापेर मार्ने प्रवृति वन कुकुर संरक्षणका लागि चुनौती बनेका छन् ।



✍ स्मृति लामा



नेपालमा वन्यजन्तुको कुरा गर्दा सबैले प्राय: बाघ, चितुवा, हात्ती, गैंडाको नाम लिन्छन् । वन कुकुरबारे सोधे धेरैले अनभिज्ञता दर्शाउँछन् । अति महत्त्वपूर्ण तर विरलै देखिने यो जन्तु संरक्षण अभावमा संकटमा फस्दै छ । चितवन राष्ट्रिय निकुञ्ज वरिपरि मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने र जंगलमा निर्भर रहने आदिवासी जनजाति सामुदायले भने वन कुकुर सजिलै चिन्छ । यसलाई देख्नेहरू ठूलो, गोलाकार कान, कालो थुतुनो (मुख), छिनेको कम्मर र फुर्तिलो शरीर भएको, झुप्प परेको अनि टुप्पातिरको भाग कालो रहेको पुच्छरयुक्त र रातो-खैरो रङको जन्तु भनी वर्णन गर्छन् ।

वन कुकुर विश्वभर पाइने 'क्यानिड्स' परिवारको सबैभन्दा लोपोन्मुख स्तनधारी प्रजाति हो । नेपालका विभिन्न ठाउँ तथा भाषा अनुसार यसलाई ब्वाँसो, फार च्यु, बन्सा कुत्ता, वन नागी आदि भनिन्छ । यसको वैज्ञानिक नाम 'क्युन अल्पाइनस' र अंग्रेजी नाम 'ढोल' वा 'एशियाली वाइल्ड डग' हो । वन कुकुर नेपाल, भारत, चीन, बाङ्लादेश, भुटान, कम्बोडिया, इन्डोनेशिया, मलेशिया, म्यानमार, थाइल्यान्ड र लाओस गरी ११ वटा देशमा पाइन्छ ।

यो जन्तु समूहमा बस्न रुचाउँछ । यिनको समूहको नेतृत्व एक जोडीले गरेको हुन्छ- जसलाई 'अल्फा जोडी' भनिन्छ । एक समूहमा दुईदेखि ३० को संख्यामा रहने यिनीहरू प्राय: साँझ र बिहानपख सक्रिय हुन्छन् । समुद्री सतहदेखि ५३ सय मिटरसम्म सुक्खा पतझड, ओसिलो पतझड, उष्ण सदाबहार, उष्ण वर्षा वन, खुला मैदान आदि वन कुकुरका लागि उपयुक्त वासस्थान मानिन्छ । नेपालमा भने समुद्र सतहदेखि ४३ सय ५० मिटरसम्म पाइने एक अध्ययनमा उल्लेख छ । वन कुकुर संरक्षित क्षेत्रभित्र, बाहिर अनि जैविक मार्गहरूमा समेत पाइएको छ । तराईमा चितवन, पर्सा, बर्दिया तथा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पाइन्छ भने उच्च भूभागमा कञ्चनजंघा संरक्षण क्षेत्र, रारा राष्ट्रिय निकुञ्ज, खप्तड राष्ट्रिय निकुञ्ज तथा ढोरपाटन शिकार आरक्ष क्षेत्रमा पाइने पुष्टि भएको छ ।

विश्वभर प्रजननयोग्य वन कुकुर ९४९ देखि २२१५ वटासम्म रहेको तथ्यांक छ । तर, नेपालमा खासै अध्ययन/अनुसन्धान नभएकाले यकिन संख्या थाहा छैन । साथै, हामीकहाँ अहिलेसम्म यसको वासस्थान संरक्षणका कार्यक्रम बनाइएको छैन । तराई क्षेत्रमा संरक्षित क्षेत्र विस्तार गरी बाघका लागि छुट्याइएको वासस्थानले वन कुकुर जोगाउन पनि योगदान गरेको देखिन्छ । तर, अध्ययन अनुसार वन कुकुरको संख्या बढाउन र संरक्षण गर्न बाघको भन्दा पाँच गुणा बढी वासस्थान क्षेत्र चाहिन्छ ।

वन कुकुरलाई कुशल शिकारीका रूपमा पनि चिनिन्छ । सामूहिक रूपमा शिकार गर्ने यिनीहरू चारैतिरबाट घेरा हाली शिकार जीवित रहँदै पछाडिको भागबाट खान शुरू गर्छन् । यिनको शिकारमा मुसा प्रजातिदेखि जरायो, चित्तल, जंगली बँदेल, रतुवा तथा गौरी गाईसम्म पर्छन् । मृग प्रजाति मन पर्ने आहारा भए पनि यिनले कहिलेकाहीं फलफूल र घाँस समेत खान्छन् । चरनमा लगिएका भैंसी, गाई, भेडा, बाख्रा आदिको शिकार पनि गर्छन् । एक शताब्दीयता वन कुकुरको वासस्थानमा ७५ प्रतिशतले ह्रास आउँदा यिनको संख्या समेत घटिरहेको छ । वासस्थान टुक्रिंदा पहिलेभन्दा थोरै संख्यामा छरिएर बसेका यिनको संरक्षण चुनौती बनिरहेको छ । संरक्षित क्षेत्रभित्र तथा बाहिरका वनमा अतिक्रमण (गाउँबस्ती) बढ्नु, आहाराजन्य प्रजातिको संख्या घट्नु, विष तथा पासो प्रयोग गरी मार्ने प्रवृत्ति बढ्नु, यसको आवतजावतका लागि वन्यजन्तु अनुकूल विकास पूर्वाधार नबन्नु, घरपालुवा कुकुरबाट रोगहरू सर्नु यसको संरक्षणका चुनौती हुन् । साथै, घरपालुवा वस्तुलाई आक्रमण गरेको प्रतिशोधमा मान्छेहरूले पनि वन कुकुर मार्ने गरेको सुनिन्छ । समाजमा वन कुकुरले आँखामा पिसाब गरिदिए अन्धो हुने तथा शरीर नाघिदिए अपाङ्ग हुने जस्ता अन्धविश्वासले पनि यसको संरक्षणमा जटिलता थपिदिएका छन् ।

***किन गर्ने संरक्षण ?***

वन कुकुरको संरक्षण यस कारण पनि अत्यावश्यक छ कि यो 'क्यानिड' परिवारमा पनि 'क्युन' वर्गको अन्तिम प्रतिनिधि हो । पारिस्थितिकीय प्रणाली साथै जैविक विविधतामा पनि वन कुकुरको महत्त्वपूर्ण योगदान छ । प्रमुख शिकारी प्रजाति भएकाले यसले आहाराजन्य प्रजातिहरूको नियमनमा सहयोग पुऱ्याउँछ । यस विना आहाराजन्य प्रजातिको वृद्धि अनियन्त्रित भई मानवसँगको द्वन्द्व अझ बढ्न सक्छ । त्यसैले वन कुकुरको संरक्षण तथा संवर्द्धन गर्न आवश्यक छ । वन कुकुर बाघ बाहेक एक मात्र संकटापन्न ठूलो मांसाहारी प्रजाति हो । हामीकहाँ यसलाई कानूनी हिसाबले कम महत्त्व दिइएको छ । तर, अन्तर्राष्ट्रिय कानून बमोजिम यो साइटिसको अनुसूची २ र आईयूसीएनको संकटापन्न वर्गमा पर्छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत यसलाई मार्ने, घाइते बनाउने वा क्षति पुऱ्याउनेलाई संरक्षित वन्यजन्तु बाहेकलाई हुने कसूर अनुसार २० देखि ५० हजार रुपैयाँसम्म जरिवाना, ६ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । वन कुकुरको आक्रमणबाट मान्छेको मृत्यु भए वा पशुधनमा क्षति पुगे वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ तथा त्यसको तेस्रो संशोधन, २०७५ अनुसार राहत व्यवस्था गरिएको छ ।

वन कुकुरको पारिस्थितिकीय प्रणाली तथा वितरणबारे अरू वन्यजन्तुको तुलनामा थोरै अध्ययन भएको छ । यसको संरक्षण हामी सबैको दायित्व हो । सर्वप्रथम त यसको प्रकृतिक वासस्थान संरक्षण तथा संवर्द्धन गर्नुपर्छ, अध्ययन-अनुसन्धान बढाउनुपर्छ । यसको महत्त्व र आवश्यकताबारे सम्बद्ध निकाय र समुदायले वेलैमा बुझे मात्र संरक्षणका काम थाल्न सहज हुन्छ । यसका लागि वन कुकुर पाइने ठाउँ वरपरका बस्तीमा जनचेतनामूलक र समुदायमा आधारित कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

विश्वव्यापी रूपमा यसको महत्त्व दर्शाउन हरेक वर्ष मे २८ मा विश्व वन कुकुर दिवस मनाइन्छ । दिवस मनाउनुको मुख्य कारण वर्षको एक दिन भए पनि मानिसहरूलाई वन कुकुरको संरक्षणबारे बुझाउन सकियोस् भन्ने हो । प्रत्येक वन्यजन्तुलाई प्रकृतिमा बाँच्ने अधिकार हुन्छ । यी सबैको संरक्षण हामी मानवकै अस्तित्व बचाउनका लागि पनि आवश्यक छ । त्यसैले वन कुकुरको संरक्षणका लागि सहकार्य गरौं । पारिस्थितिकीय प्रणाली सन्तुलनमा राख्ने संकटापन्न प्रजाति लोप हुनबाट बचाऔं ।

*-साभार: हिमालखबर*

# ज्याकलिनलाई सर्तसहित विदेश भ्रमणको अनुमति

काठमाडौं/दिल्ली अदालतले बलिउड अभिनेत्री ज्याकलिन फर्नान्डिजलाई विदेश भ्रमणका लागि ६ दिनको अनुमति दिएको छ ।

आबुधाबीको एस आइल्याण्डमा हुन लागेको आईफा अवार्ड २०२२ मा भाग लिन ज्याकलिनले मे ३१ देखि जुन ५ सम्म भ्रमण अनुमति पाएकी हुन् । बलिउड स्टार हरुले भाग लिने उक्त अवार्ड जुन २ देखि ४ सम्म हुँदैछ ।

विदेश जान ज्याकलिनले अदालतले केही सर्त पनि राखेको छ । जसअनुसार उनले ५० लाख भारु जमानत बुझाउनुपर्नेछ भने यात्रा कार्यक्रम, बस्ने ठाउँको सम्पर्क नम्बर उपलब्ध गराउनुपर्नेछ । साथै, भारत फर्केपछि एजेन्सीलाई जानकारी दिनुपर्नेछ । सुकेश चन्द्रशेखरसँगको २०० करोड भारुको गैरकानुनी मनी लाउन्ड्रिङ मुद्दामा मुछिएकाले नवप्रवर्तन निर्देशनालयले ज्याकलिनविरुद्ध लुकआउट सर्कुलर जारी गरेको छ ।

जसअनुसार ज्याकलिनलाई विदेश भ्रमणका लागि अनुमति छैन । यस महिनाको सुरुवातमा पनि उनले नेपाल, फ्रान्स र आइफाको लागि जानुपर्ने भन्दै अदालतमा निवेदन दिएकी थिइन् । तर उनका वकिलले बीचमा निवेदन फिर्ता लिएका थिए ।

श्रीलंकाली नागरिक ज्याकलिन भारतमा सन् २००९ देखि बस्दै आएकी छन् । सुकेशले उनलाई महंगा उपहार दिएको आरोप लाग्दै आएको छ ।

*-साभार: अनलाईनखबर*



# नेपालीको प्रतिव्यक्ति आम्दानी १८ हजार बढ्यो, ५.८४ प्रतिशत आर्थिक वृद्धिको प्रक्षेपण

काठमाडौं/यो वर्ष नेपालीको प्रतिव्यक्ति आम्दानी १८ हजार रूपैयाँले वृद्धि भएको छ । आर्थिक वर्ष २०७७/७८ मा प्रतिव्यक्ति आम्दानी वार्षिक १ लाख ४६ हजार ५ सय २१ रूपैयाँ रहेकोमा चालु आर्थिक वर्ष १८ हजार रूपैयाँ बढेको हो ।

शनिबार संसदमा प्रस्तुत आर्थिक सर्वेक्षण-२०७८ अनुसार नेपालीको प्रतिव्यक्ति आम्दानी १ लाख ६४ हजार ५ सय २१ रूपैयाँ पुगेको अनुमान गरिएको छ । हाल अर्थतन्त्रमा उपभोगको हिस्सा ९०.७ प्रतिशत बराबर छ । गत आर्थिक वर्षमा यस्तो हिस्सा ९२.३ प्रतिशत थियो । उपभोगमा ११.५ प्रतिशत वृद्धि भएको छ ।

प्रतिनिधिसभाको शनिबारको दोस्रो बैठकमा अर्थमन्त्री जनार्दन शर्माले आर्थिक सर्वेक्षण २०७८/७९ पेस गरेका हुन् । आर्थिक सर्वेक्षणमा चालू आर्थिक वर्षको चैत मसान्तसम्मको आर्थिक विवरण समावेश गरिएको छ । आगामी आर्थिक वर्षको बजेट प्रस्तुत हुनुभन्दा पहिले संघीय संसदमा आर्थिक सर्वेक्षण पेस गर्ने व्यवस्था छ । संविधानमै हरेक वर्षको जेठ १५ गते बजेट प्रस्तुत गर्ने व्यवस्था छ ।

त्यस्तै चालू आर्थिक वर्ष मुलुकको अर्थतन्त्र ५.८४ प्रतिशत वृद्धि हुने प्रक्षेपण गरिएको छ । अघिल्लो वर्ष ४.२५ प्रतिशत वृद्धि भएको थियो । कोभिड-१९ महामारीको प्रभाव क्रमशः कम हुँदै गएको तथा ऊर्जा क्षेत्रको विस्तार उत्साहप्रद रहेकाले अर्थतन्त्रमा विस्तार भएको आर्थिक सर्वेक्षणमा उल्लेख छ ।

विश्वव्यापी कोभिड-१९ महामारीका कारण सन् २०२० मा प्रायः सबै मुलुकको अर्थतन्त्रसहित विश्व अर्थतन्त्र संकुचित हुन पुगेको छ । आर्थिक गतिविधिमा आएको शिथिलताले रोजगारीका अवसर कम भएका छन् । यसले कम आय वर्गका मानिसको दैनिक जीवनयापनसमेत कष्टकर हुनुका साथै रोजगारी र आयमा आएको कमीसँगै गरिबी र असमानता पनि बढेर गयो । तर कोरोनाविरूद्ध खोपको उपलब्धतासँगै आर्थिक सामाजिक गतिविधि सामान्य बन्दै गएका छन् । आगामी दिनमा अर्थतन्त्रमा कोभिड-१९ को प्रभाव कम हुँदै जाने पूर्वानुमान रहे पनि रूस र युक्रेन युद्ध लम्बिन सक्ने, रूसमाथि थप प्रतिबन्ध लाग्न सक्ने र पेट्रोलियम पदार्थको मूल्यमा थप वृद्धि हुनसक्ने अनुमानका आधारमा सन् २०२२ मा विश्व अर्थतन्त्र ३.६ प्रतिशत मात्र विस्तार हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ ।

आर्थिक सर्वेक्षणअनुसार चालू वर्ष २०७८/७९ मा कृषितर्फ २.३ प्रतिशत, उद्योग क्षेत्रमा ८.१ र सेवामा ६.६ प्रतिशत वृद्धि हुने अनुमान छ । कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९, १४.३ र ६१.८ प्रतिशत छ । आर्थिक वर्ष २०७८/७९ को कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) ४८ खर्ब ५१ अर्ब ६२ करोड रूपैयाँ रहने अनुमान गरिएको छ । त्यसमध्ये बागमती प्रदेशको अंश सबभन्दा बढी ३६.९ प्रतिशत र कर्णाली प्रदेशको सबभन्दा कम ४.१ प्रतिशत रहने अनुमान छ ।

प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर प्रदेश १ मा ५.४१ प्रतिशत, मधेस प्रदेशमा ४.८२, बागमती प्रदेशमा ६.७४, गण्डकी प्रदेशमा ६.१७, लुम्बिनी प्रदेशमा ५.३६, कर्णाली प्रदेशमा ५.४७ र सुदूरपश्चिम प्रदेशमा ४.९२ प्रतिशत हुने अनुमान छ । यो आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फिति ५.४ प्रतिशत छ । गत वर्ष यसै अवधिमा यस्तो मुद्रास्फिति ३.५ प्रतिशत थियो । पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि, ढुवानी खर्चमा भएको वृद्धि, खाद्यपदार्थ तथा आयातीत कच्चापदार्थ लगायत अन्य वस्तु तथा सेवामा भएको मूल्यवृद्धिका कारण मुद्रास्फितिमा चाप परेको सर्वेक्षणमा उल्लेख छ ।

आव २०७७/७८ मा संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च १४.४ प्रतिशत बढेर १३ खर्ब ६२ अर्ब १८ करोड रूपैयाँ पुगेको छ । चालू वर्षको फागुनसम्म संघीय राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.६ प्रतिशत बढेर ६ अर्ब ५७ करोड रूपैयाँ पुगेको छ । संघीय खर्च १८० प्रतिशत वृद्धि भई ६ खर्ब ७४ अर्ब ६१ करोड पुगेको छ । आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म संघीय सरकारको बजेट घाटा २१ अर्ब ३१ करोड रहेको छ । गत आर्थिक वर्षको फागुनसम्म यस्तो घाटा २९ अर्ब २६ करोड थियो ।

***६२१ मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडियो***

आर्थिक सर्वेक्षणअनुसार चालू वर्षको चैत मसान्तसम्म कुल ६२१ मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको माथिल्लो तामाकोसी ४५६ मेगावाट आयोजना निर्माण सम्पन्न भई विद्युत उत्पादन नियमित भइरहेको छ ।

चालु आवमा १ हजार ६ सय २९ मेगावाट बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने लक्ष्य राखिएको थियो । त्यसमा रसुवागढी आयोजनाबाट १११ मेगावाट, साञ्जेन र माथिल्लो साञ्जेनबाट ५६ मेगावाट, त्रिशूली थ्री बीबाट ३७ मेगावाट, राहुघाटबाट ४० मेगावाट, मध्यभोटेकोसीबाट १०२ मेगावाट र निजी क्षेत्रबाट निर्माणाधीन आयोजनाबाट एक हजार ५५ मेगावाट बिजुली राष्ट्रिय प्रणालीमा जोड्ने लक्ष्य राखिएको भए पनि लक्ष्यअनुसार प्रगति हुन नसकेको सर्वेक्षणमा उल्लेख छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको विवरणअनुसार राहुघाट जलविद्युत् आयोजनाको भौतिक प्रगति ४२.६८, माथिल्लो त्रिशुली थ्री बीको भौतिक प्रगति ६१.५, र सुवागढी आयोजनाको भौतिक प्रगति ९२ प्रतिशत, माथिल्लो साञ्जेनको ९३ प्रतिशत, तल्लो साञ्जेनको भौतिक प्रगति ८६ प्रतिशत र मध्यभोटेकोसीको भौतिक प्रगति ८० प्रतिशत बराबर छ । -साभार: सेतोपाटी



# आईपीएलको उपाधिका लागि गुजरात र राजस्थान भिड्दै

काठमाडौं/इन्डियन प्रिमियर लिग (आईपीएल) को १५औं संस्करणको फाइनल खेल भइरहेको जानकारी दिए । उपाधिका लागि पहिलो पटक आईपीएल खेलिरहेको गुजरात टाइटन्स र १४ वर्षपछि फाइनल पुगेको राजस्थान रोयल्स भिड्दैछन् । फाइनल खेल अहमेदवादस्थित नरेन्द्र मोदी स्टेडियममा राति ८:१५ बजे सुरु हुनेछ ।

हार्कस पाण्ड्याको कप्तानीमा रहेको गुजरात पहिलो पटक आईपीएल खेल्दा नै फाइनल पुगेर उपाधि नजिक पुगेको हो । लिगमा १४ मध्ये १० खेल जित्दै पहिलो भएको गुजरातले पहिलो क्वालिफायरमा लिगमा दोस्रो भएको राजस्थान रोयल्सलाई ७ विकेटले पराजित गरेर फाइनलमा स्थान बनाएको थियो ।

क्वालिफायरमा पराजित भए पनि अर्को अवसरमा राजस्थानले रोयल च्यालेन्जर्स बेंगलोरलाई दोस्रो क्वालिफायरमा पराजित गरेर राजस्थानले फाइनलमा गुजरातसँग भेट पक्का गरेको हो । सन् २००८ मा भएको पहिलो संस्करणको च्याम्पियन राजस्थान त्यसयता पहिलो पटक फाइनल पुगेको हो । सन्जु सामसनको कप्तानीमा राजस्थानले यस सिजन उत्कृष्ट प्रदर्शन गरिरहेको छ । हार्दिकको कप्तानी रहेको गुजरातका लागि डेविड मिलर, रासिद खान, शुभमन गिल, ऋद्धिमान शाह, राहुल तेवाटिया, मोहम्मद शामी, लकी पर्गुसनल लगायतले उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । राजस्थानको टिममा पनि यस पटक उत्कृष्ट खेलाडीहरु छन् । ओपनर जोस बटलरले यस सिजन चार शतक प्रहार गरिसकेका छन् र उनी उत्कृष्ट फर्ममा छन् । कप्तान सन्जु सामसन पनि राम्रो खेलिरहेका छन् । लोअर अर्डर शिम्रोन हेटमायर र रियान परागले सम्हालिरहेका छन् । रियानको फिल्डिङ पनि उत्कृष्ट रहेको छ । बलिङमा रविचन्द्र आश्विन र युजभेन्द्र चहलको स्पीन जोडीले उत्कृष्ट प्रदर्शन गर्दा ट्रेन्ट बोल्ट र प्रसिद कृष्णाले फास्ट बलिङ सम्हालिरहेका छन् । लिग चरण र प्लेअफमा गरी गुजरात र राजस्थान दुई पटक भेट हुँदा दुवै पटक गुजरात विजयी भएको थियो । लिग चरणमा गुजरातले राजस्थानलाई ३७ रनले पराजित गरेको थियो । यसअघि राजस्थानमाथि हावी भएकाले गुजरातलाई फाइनलमा पनि केही फाइदा मिल्नेछ ।

यसअघिको लयलाई काम राख्दै पहिलो पटक उपाधि जित्ने लक्ष्यमा गुजरात छ । उता राजस्थानको लागि गुजरात विरुद्ध यसअघिका हारको बदला लिने अवसर आएको छ । यदि गुजरातले उपाधि जिते २०१६ पछि आईपीएलले नयाँ विजेता पाउनेछ । पहिलो संस्करणमा उपाधि जितेपछि फाइनल पुग्न १४ वर्ष कुर्नुपरेको राजस्थानले उपाधि जितेमा एक भन्दा बढी उपाधि जित्ने चौथो टिम बन्नेछ ।

अहिलेसम्म मुम्बई इन्डियन्सले सर्वाधिक ५ पटक उपाधि जित्दा चेन्नाई सुपर किंग्सले ४ र कोलकता नाइट राइडर्सले २ पटक उपाधि उचालेका छन् । राजस्थानसँगै डेक्कन चार्जर्स र सनराइजर्स हैदरावादले एक-एक पटक आईपीएलको उपाधि जितेका छन् । -अनलाईनखबर



# 'कबड्डी ४'को कीर्तिमानी कमाई

काठमाडौं/शुक्रवारबाट प्रदर्शनमा आएको फिल्म 'कबड्डी ४ : द फाइनल म्याच'ले घरेलु बक्सअफिसमा सुनामी ल्याएको छ । मल्टीप्लेक्समा सर्वाधिक शोज पाउँदै प्रदर्शन अगावै ठूलो रेकर्ड बनाएको फिल्मले दुई दिनमा कीर्तिमानी कमाई गरेको छ । शुक्रवार र शनिवार जताततै हाउसफुलको व्यापार गरेको फिल्मले दुई दिनमा ६ करोडको आँकडा छोएको वितरक मनोज राठीले जानकारी दिए ।

उनले भने, 'फिल्मको दुई दिने कमाई ६ करोड पुगेको छ । यो कीर्तिमानी कमाई हो । आजसम्म कुनै नेपाली फिल्मले यो अंक जोडेको रेकर्ड छैन । शुक्रवार र शनिवार देशभरका मल्टीप्लेक्स र सिंगल थिएटरमा फिल्म हाउसफुल थियो ।

शनिवार सार्वजनिक विदा भएकाले शुक्रवारको तुलनामा व्यापार केही माथि छ । काठमाडौं र मोफसलको व्यापारमा पनि खासै ठूलो अन्तर छैन ।'



***विदेश राइट्सबाटै 'कबड्डी ४' मालामाल***

'कबड्डी ४'ले प्रदर्शनको पहिलो हप्तामा १० करोडको आँकडा पार गर्ने वितरक राठीको आँकलन छ । माउथ पब्लिसिटी बलियो भएकाले आइतवार पनि देशभर फिल्म हेर्ने दर्शकको उपस्थिति उल्लेख्य रहेको उनले बताए । ब्रान्ड फिल्मको सिरिज, बलियो स्टारकास्ट, गतिलो प्रचार, ट्रेलर र गीतले बढाएको हाइपले गर्दा फिल्मले इनिसियल व्यापारमा रेकर्ड बनाएको उनको भनाई छ । 'कबड्डी ४'को सफलताले सबैभन्दा बढी फाइदा दयाहाङ राई, सौगात मल्ल र मिरुना मगरलाई भएको छ । उनीहरु अभिनीत पछिल्ला कुनै फिल्म बक्सअफिसमा सफल छैनन् । यो फिल्मले उनीहरुको करिअरलाई नै ठूलो राहत दिएको छ । मिरुनाले त पहिलो पटक सफलताको सुःख प्राप्त गरेकी हुन् । फिल्ममा उनको स्वभाविक अभिनयलाई दर्शक र समीक्षकले रुचाएका छन् । नेपाली फिल्मको इतिहासमा कमाई गर्ने कमाउने फिल्मको रेकर्ड दीपकराज-दीपा समुहको 'छक्का पञ्जा' सिरिजसँग सुरक्षित छ । यसका तीनवटै सिरिजको लाइफटाइम कलेक्सन १६ करोड आसपास छ । अब यो रेकर्ड तोड्नु पर्ने चुनौती 'कबड्डी ४'माथि छ । दुई दिनको इनिसियल व्यापार हेर्दा फिल्मलाई 'छक्का पञ्जा' सिरिजको रेकर्ड तोड्नका लागि दुई हप्ता नै काफी हुने देखिन्छ ।

अघिल्ला सिरिज झैं यसपटक पनि वीरकाजी (दयाहाङ राई) कै बिहेको रस्साकस्सीमा फिल्म घुमेको छ । रामबाबु गुरुङ निर्देशित फिल्ममा बुद्धि तामाङ, विजय बराल, गौमाया यात्री, पुष्कर गुरुङ, कमलमणी नेपाल, कविता आले, स्वर्गीय जयनन्द लामा, प्रकाश घिमिरे, कमलमणी नेपाललगायतको पनि अभिनय रहेको छ । फिल्मको कथा रामबाबु गुरुङ र उपेन्द्र सुब्बाले तयार पारेका हुन् ।

-साभार: फिल्मीखबर

# बेलायतमा नेपाली फिल्म फेस्टिभल हुने

काठमाडौं/बेलायतको राजधानी लन्डनमा नेपाली फिल्म फेस्टिभल आयोजना हुने भएको छ । लन्डनको थर्ड आईले सेप्टेम्बरमा ५ दिने 'नेपाली फिल्म फेस्टिभल इन लन्डन २०२२' आयोजना गर्न लागेको हो । शनिबार काठमाडौंमा आयोजना गरिएको एक कार्यक्रममा नेपाल व्यवस्थापनको जिम्मा लिएको संगीक्षा फिल्मस्का अध्यक्ष मनोज केसीले महोत्सवमा १० वटा फिल्म प्रदर्शन गरिने जानकारी दिए ।

उनले भने- 'हामीले नेपाली परिवेश र नेपाललाई चिनाउने फिल्म देखाउने छौं । यसले नेपाली फिल्मको बजार विस्तारमा त टेवा पुऱ्याउँछ नै नेपाली कला, संस्कृतिलाई पनि प्रवर्द्धन गर्छ ।' नेपाली फिल्म के-कस्ता बनिरहेका छन् भन्ने बारेमा प्रवासी दर्शकलाई थाहा दिन र नयाँ-नयाँ स्वाद बोकेका नेपाली फिल्मलाई देखाउने उद्देश्यले महोत्सवमा आयोजना गर्न लागेको उनको भनाई छ । अध्यक्ष केसीले महोत्सवको अन्तिम दिन फिल्मकर्मीहरूलाई सम्मानित पनि गरिने बताए । थर्ड आईका प्रमुख विकास देवकोटाको सक्रियतामा हुन लागेको महोत्सवमा नेपालबाट ४० जनाभन्दा बढी फिल्मकर्मी सहभागी हुनेछन् । महोत्सवमा प्रदर्शन गरिने फिल्महरुको छनोट प्रक्रिया सुरु भइसकेको छ । हलमा प्रदर्शन भएका फिल्म मात्र महोत्सवमा छनोट हुने मनोज केसीले बताए ।

थर्ड आईका नेपाल च्याप्टर प्रतिनिधि हरि सिलवालले फेस्टिभललाई सभ्य र भव्य बनाउने गरी तयारी भइरहेको जानकारी गराए । महोत्सव घोषणा सभामा नीर शाह, करिश्मा मानन्धर, निरुता सिंह, सरोज खनाललगायतको उपस्थिति थियो । नेफ्टा अवार्डमार्फत् विदेशी भूमिमा अवार्डको सुरुवात गरेका मनोज केसीले यसअघि म्यूजिक भिडियो अवार्ड पनि विदेशी भूमिमा गरिसकेका छन् । *-साभार: रातोपाटी*

# कक्षा १२ को परीक्षाको सम्पूर्ण तयारी पूरा




काठमाडौं/राष्ट्रिय परीक्षा बोर्डले यस वर्ष कक्षा १२ को परीक्षाको सम्पूर्ण तयारी पूरा भएको छ । सोमबारदेखि देशभर एकैसाथ सुरू हुने परीक्षाको सम्पूर्ण तयारी पूरा गरेको बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिए ।

सोमबार बिहान ८ बजेदेखि सुरू हुने परीक्षा यही जेठ २५ गतेसम्म सञ्चालन हुनेछ । परीक्षामा करिब चार लाख १५ परीक्षार्थी सहभागी हुने जानकारी दिँदै बोर्डका अध्यक्ष डा शर्माले देशभरका एक हजार २९२ केन्द्रमा परीक्षा सञ्चालन हुने बताए ।

उनका अनुसार ७७ जिल्लाका सबै केन्द्रमा परीक्षा सुरू हुनुभन्दा आधा घण्टा अगाडि अनलाइनबाट प्रश्नपत्र पठाइनेछ । परीक्षा केन्द्रले प्रश्नपत्र फोटोकपी गरेर परीक्षार्थीलाई वितरण गर्नेछ । विगत दुई वर्ष कोभिड महामारीका कारण विद्यार्थीले अध्ययन गरेकै विद्यालय (होम सेन्टर)मा परीक्षा सञ्चालन गर्दा अनलाइनबाटै प्रश्नपत्र पठाउने व्यवस्था गरेपछि यस वर्ष पनि प्रश्नपत्र अनलाइनबाट पठाउने व्यवस्था गरिएको हो ।

तीन घण्टा सञ्चालन हुने परीक्षालाई शान्तिपूर्ण, मर्यादित, व्यवस्थितरूपमा सम्पन्न गर्न बोर्डका अध्यक्ष डा शर्माले सबै सरोकारवाला निकाय तथा आमनागरिकमा आह्वान गरेको छ । यसैबीच कक्षा ११ को परीक्षा पनि सोमबारदेखि नै सञ्चालन हुनेछ । कक्षा ११ को परीक्षा विद्यालयले नै सञ्चालन गर्न पाउने व्यवस्था गरिएकोले अधिकांश विद्यालयले भोलिदेखि नै परीक्षा सञ्चालन गर्ने भएका हुन् ।

# स्थानीय पूर्वाधार विभाग खारेज



काठमाडौं/सरकारले स्थानीय पूर्वाधार विभाग खारेज गरेको छ । अर्थमन्त्री जनार्दन शर्माले आगामी आर्थिक वर्षको बजेट वक्तव्यमार्फत स्थानीय पूर्वाधार विभाग खारेज गरिएको घोषणा गरेका हुन् । मन्त्री शर्माका अनुसार खारेज गरिएको स्थानीय पूर्वाधार विभागका प्राविधिक कर्मचारी मध्ये बढीमा १० प्रतिशत कर्मचारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विकास सहजीकरण इकाइमा रहने छन् । बाँकी कर्मचारी प्रदेश सरकार र भौतिक पूर्वाधार सम्बद्ध संघीय मन्त्रालयमा समायोजन हुने व्यवस्था मिलाइएको उनले जनाए ।

# सीटीईभीटीको पुनर्संरचना गरिने

काठमाडौ/सरकारले प्राविधिक तथा व्यवसायिक परिषद् (सीटीईभीटी) को पुनर्संरचना गर्ने भएको छ ।

आगामी आर्थिक वर्षमा सीटीईभीटीको पुनर्संरचना गरी छुट्टाछुट्टै तालिम गुणस्तर नियामक निकाय र सीपमूलक तालिम कार्यक्रम कार्यान्वयन कार्यक्रम निकायको लागि विकास गरिनेछ ।

प्राविधिक तथा व्यवसायिक तालिमको विस्तार समृद्धिको आधार सोच अनुसार हाल सञ्चालनमा रहेको प्राविधिक विद्यालय नक्सांकन तथा समायोजन गरी पहुँच विस्तार गरिने ।



प्राविधिक शिक्षालाई क्रमशः हस्तान्तरण गरिनेछ । प्राविधिक तथा व्यवसायिक शिक्षा तालिम तर्फ आठ अर्ब ३० करोड विनियोजन गरेको छ । -साभार: अनलाईन

# प्रदेशभरको स्थानीय तहमा महिलाको उपस्थिति कमजोर

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/बागमती प्रदेशको स्थानीय तहमा महिला जनप्रतिनिधिको उपस्थिति कमजोर देखिएको छ ।

उपत्यकाको काठमाडौं, भक्तपुर र ललितपुरबाहेक १० जिल्लाको ९८ स्थानीय तहमा ५८ जना पालिका प्रमुख र उपप्रमुख निर्वाचित भएका छन् । तीमध्ये ६ पालिकामा प्रमुख र ५२ पालिकामा महिला उपप्रमुख निर्वाचित भएको निर्वाचन आयोगको तथ्यांकमा उल्लेख छ । अघिल्लो निर्वाचनको तुलनामा यो स्थानीय तहको निर्वाचनबाट महिला प्रमुखको संख्या दुईजनाले बढेको छ ।



तर, महिला उपप्रमुखको संख्या भने ३७ जना घटेको छ । २०७४ को निर्वाचनमा ४ जना प्रमुख र ८९ जना उपप्रमुख निर्वाचित भएका थिए । गठबन्धन दलबीच प्रमुख र उपप्रमुख भागबण्डा हुँदा दुवै पदमा पुरुष उम्मेदवार बढी भएकाले महिलाको संख्या घटेको प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख लुम्बनाथ पोखरेलले जानकारी दिएका छन् । संविधानले स्थानीय तहका प्रमुख र उपप्रमुखमा उम्मेदवारी दिँदा कुनै एक पदमा महिला अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ ।

निर्वाचन आयोगले स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पदमध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिने राजनीतिक दलले महिलाको मनोनयनको व्यवस्था गर्न निर्देशन दिएको थियो । तर, पछि आफ्नो निर्देशन सच्याउँदै आयोगले 'मनोनयनमा प्राथमिकता दिनुपर्ने' हुनुपर्नेमा अन्यथा भएको भन्दै सच्याएको थियो । उक्त निर्णयपछि एक-एक पदमा मात्रै उम्मेदवारी दिएका गठबन्धन दलले पुरुषलाई प्राथमिकता दिएर उम्मेदवार बनाएका थिए । पुरुषले प्राथमिकता पाउँदा धेरै महिला आकांक्षीले स्थानीय निर्वाचनबाट बञ्चित हुनु परेको छ ।

प्रदेशको उपत्यकाबाहेक १० जिल्लामध्ये चितवनमा दुई जना, सिन्धुलीमा दुई जना, काभ्रे र मकवानपुरमा एक/एक जना महिला पालिका प्रमुख निर्वाचित भएको पोखरेलले जानकारी दिए ।

चितवनको भरतपुर महानगरपालिकामा माओवादी केन्द्रकी रेनु दाहाल र माडी नगरपालिकामा नेकपा एमालेकी ताराकुमारी काजी महतो मेयरमा निर्वाचित भएका छन् । मकवानपुरको हेटौंडा उपमहानगरमा नेकपा एकीकृत समाजवादीबाट मेयरमा मीना लामा, सिन्धुलीको सुनकोसी गाउँपालिकामा माओवादी केन्द्रकी दीपा बोहोरा दाहाल र फिकल गाउँपालिका अध्यक्षमा एमालेकी पार्वती सुनुवार अध्यक्षमा निर्वाचित भएका छन् । काभ्रेको चौरीदेउराली गाउँपालिकाको अध्यक्षमा माओवादी केन्द्रकी रेणुका चौलागाईं निर्वाचित भएकी छन् ।

प्रदेशमा सबैभन्दा धेरै सिन्धुपाल्चोकको १२ स्थानीय तहमध्ये ११ जना उपप्रमुख महिला चयन भएका छन् । तीमध्ये तीन जना उपमेयर र ८ जना उपाध्यक्ष हुन् । नुवाकोट र रामेछापमा ८/८ जना, दोलखामा ७ जना, र सुवामा ४ जना उपप्रमुख निर्वाचित भएका छन् । धादिङ, काभ्रे, मकवानपुर र चितवनमा तीन/तीन र सिन्धुलीमा दुई जना महिला उपप्रमुखमा निर्वाचित भएको जनाइएको छ ।

## मकवानपुरे समाज काठमाडौंको अध्यक्षमा गुरुङ

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ मकवानपुरे समाज काठमाडौंको अध्यक्षमा अरुण कुमार गुरुङ चयन भएका छन् ।

समाजको दोस्रो वार्षिक साधारण सभाबाट गुरुङ अध्यक्षमा चयन भएका हुन् । सभाले उपाध्यक्षमा दिपक कार्की, केशव अधिकारी र दिलिप श्रेष्ठलाई चयन गरेको छ ।

यस्तै, सभाबाट महासचिवमा जीवन कुमार बस्नेत, सचिवमा बिधान रिजाल, कोषध्यक्षमा राजेश कुमार थापा चयन भएका छन् । यस्तै सदस्यमा सरिता कार्की, जुनु श्रेष्ठ, मनोज अधिकारी, हरेराम कार्की, सविना गौतम सहितमा १५ सदस्ययी कार्यसमिती चयन भएको मकवानपुरे समाजका नवनिर्वाचित अध्यक्ष गुरुङले जानकारी दिए ।

२०७५ सालमा स्थापना भएको संस्थामा हाल ४५० सदस्य रहेका छन् भने १६ जना आजीवन सहस्य रहेका छन् ।

साधारण सभामा हेटौंडा रिसोर्ट, प्राध्यापक डा. रमण शर्मा, समाज सेवी तथा उद्योग व्यवसायी बिनोद कुमार श्रेष्ठ, समाजसेवी प्रदीप जमरकट्टेल, सहयोगीहरु प्रविनमान श्रेष्ठ, कृष्णमुरारी श्रेष्ठ, बिधान रिजाल, सरिता कार्की र लेखा परीक्षक उमेश पण्डितलाई सम्मान गरिएको थियो ।

## हेटौंडाको कार्यपालिका सदस्यमा एमालेका ८ जना विजयी



साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका सदस्यमा एमालेका आठै जना उम्मेदवार निर्वाचित भएका छन् ।

आइतबार सम्पन्न मतदानको प्रकाशित मतपरिणाम अनुसार एमालेका ८ जना सदस्य निर्वाचित भएका हुन् । यो सँगै हेटौंडा उपमहानगरको कार्यपालिकामा एमालेले बहुमत पुऱ्याएको छ । नगर कार्यपालिकाको महिला सदस्यमा ईश्वरी विश्वकर्मा, पातलीमाया गोङ्वा, मञ्जु भुर्तेल, रुकमणी गोङ्वा र साधना श्रेष्ठ निर्वाचित भएका छन् । उनीहरुले ५०/५० मत प्राप्त गरेका थिए । त्यसैगरी नगर कार्यपालिका लागी दलित वा अल्पसङ्ख्यक तर्फ ६ उम्मेदवार मध्ये ३ जना एमालेकै उम्मेदवार निर्वाचित भएका छन् ।

निर्वाचित हुनेमा अर्जुन बहादुर राई, बिर बहादुर विश्वकर्मा र शंकर राई रहेका छन् । निर्वाचित सबैले ५०/५० मत प्राप्त गरेका छन् ।

## हेटौंडामा विश्व वातातरण दिवस मनाइने

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/विगतका वर्षहरु झैं यस वर्ष पनि हेटौंडामा सप्ताहव्यापी कार्यक्रम गरी विश्व वातावरण दिवस मनाइने भएको छ । ५० औं विश्व वातावरण दिवसको अवसरमा टोल विकास संस्था नगर समन्वय समिति हेटौंडा उपमहानगर पालिकाले जेठ १६ गते (आज) देखि २२ गतेसम्म सप्ताहव्यापी कार्यक्रम गर्ने भएको हो ।

'सबैको साझा पृथ्वी' भन्ने मूल नाराका साथ यस वर्षको वातावरण दिवस मनाउन लागिएको टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष एवम् विश्व वातावरण दिवस मूल आयोजक समारोह समितिका संयोजक व प्रसाद अधिकारीले जानकारी दिए । समितिले आइतबार सप्ताहव्यापी कार्यक्रम तालिका सार्वजनिक गरेको छ ।

सप्ताहव्यापी कार्यक्रम अन्तर्गत् जेठ १६ गते रक्तदान कार्यक्रमको आयोजना गरिने संयोजक अधिकारीले जानकारी दिए । टोल विकास संस्था वडा समन्वय समिति, हेटौंडा-११ को संयोजनमा बिहान ७ बजेबाट हेटौंडा-११ स्थित सामुदायिक प्रहरी सेवा केन्द्रमा रक्तदान कार्यक्रम गरिने अधिकारीले बताए ।

जेठ १७ गते खानेपानी व्यवस्थापन बोर्डको संयोजनमा खानेपानी सरसफाई स्वच्छता सम्बन्धि अन्तरक्रिया कार्यक्रम गरिनेछ । अन्तरक्रिया हेटौंडास्थित रोयल प्यालेसमा आयोजना गरिने जनाइएको छ । कार्यक्रम तालिका अनुसार १८ गते हेटौंडा-८ राजपानीमा वडा समन्वय समितिको संयोजनमा वृक्षारोपण कार्यक्रम हुनेछ ।

१८ र १९ गते सामूदायिक वन उपभोक्ता महासंघको संयोजनमा राप्ती खोला विशेष सरसफाई कार्यक्रम, १९ गते ४० माइक्रोन तलको प्लाष्टिक झोलामा लगाइएको प्रतिबन्ध सम्बन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया २० गते बजार क्षेत्र विशेष सरसफाई, मावि स्तरीय वक्तृत्वकला प्रतियोगिता, २१ गते वातावरण सचेतनामूलक साईकल र्याली र मावि स्तरीय वक्तृत्वकला प्रतियोगिताको कार्यक्रम तय भएको आयोजकले जनाएको छ । २० गते हेटौंडा-२ स्थित बनखण्डी मन्दिरको सभाहलमा २१ गते रानी सामुदायिक वनको कार्यालयमा वक्तृत्वकला प्रतियोगिता आयोजना हुनेछ ।

जेठ २२ गते (जुन ५) ५० औं विश्व वातावरण दिवसको दिन बिहान ७ बजे उल्लेख्य जनसहभागितामा हेटौंडा-४ स्थित हुप्रचौरबाट बाजागाजा झाँकीसहितको वृहत वातावरणीय सचेतना र्याली निकालिने उनले बताए । हुप्रचौरबाट बजार परिक्रमा गर्दै रोयल प्यालेसमा समापन कार्यक्रम आयोजना हुनेछ ।

## प्रदेश सरकारले मनायो १५ औ गणतन्त्र दिवस




साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/बागमती प्रदेश सरकारको आयोजनामा प्रदेश राजधानी हेटौंडामा गणतन्त्र दिवस मनाइएको छ ।

आइतबार प्रदेश सरकारले १५ औ गणतन्त्र दिवस मनाएको हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय हेटौंडाको प्रांगणमा बागमती प्रदेशका प्रदेश प्रमुख यादव चन्द्र शर्माको प्रमुख आतिथ्यता एवम् प्रदेशका सभामुख सानुकुमार श्रेष्ठको विशिष्ट आतिथ्यतामा कार्यक्रम भएको थियो । कार्यक्रममा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीले सम्मान गारतसहित गणतन्त्र दिवस २०७९ लेखिएको व्यानरसहितको बेलुन उडाइएको थियो । कार्यक्रमको अवसरमा प्रदेश सरकारले विभिन्न क्षेत्रमा योगदान दिएका व्यक्तिहरुलाई सम्मानको घोषणा गरेको छ ।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे, प्रदेशका मन्त्री, विभिन्न सरकारी निकायका प्रमुख, सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

**जैविक मलका फाइदाहरू**

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

# यस्तो छ गठबन्धन सरकारको आगामी आवको बजेट

काठमाडौं, १५ जेठ/ गठबन्धन सरकारले कृषि क्षेत्रको दीर्घकालीन विकास, उद्योग क्षेत्रको विस्तार, बेरोजगारीको अन्त्य, ऊर्जा क्षेत्रको उन्नयनलाई केन्द्रमा राखेर आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेको छ ।

चालु आर्थिक वर्षको बजेट अध्यादेशबाट सार्वजनिक भएको सन्दर्भमा सरकारले संघीय संसद्मा नै १७ खर्ब ९३ अर्ब ८३ करोड बराबरको बजेट सार्वजनिक गरेको हो । चालु आवमा कूल १६ खर्ब ४७ अर्ब ५७ करोड बराबरको बजेट प्रस्तुत गरेको थियो । त्यसमा सैले गर्ने खर्च छ खर्ब ७८ अर्ब ६१ करोड बराबर थियो ।

चालु आवको तुलनामा सरकारले एक खर्ब ४६ अर्ब २६ करोड बढी बजेट प्रस्तुत गरेको हो । कोरोनाबाट क्रमश: उद्योग प्रतिष्ठान पूर्ण क्षमतामा सञ्चालन हुन थालेको तथा अर्थतन्त्रका अन्य गतिविधिसमेत विस्तार हुन लागेको सन्दर्भमा सरकारले आगामी आवमा आठ प्रतिशत बराबरको आर्थिक वृद्धि हुने लक्ष्य प्रक्षेपण गरेको छ ।

रुस युक्रेन सैर्षका कारण बाह्य क्षेत्र चापमा परेको सन्दर्भमा सरकारले मूल्यवृद्धिलाई सात प्रतिशतमा सीमित गर्ने लक्ष्य राखिएको छ । अर्थमन्त्री जनार्दन शर्माले प्रस्तुत गरेको बजेटमा कृषि क्षेत्रलाई पहिलो पटक विशेष प्राथमिकतामा राखिएको छ । कूल ४३० बुँदामा समेटिएको बजेटले आर्थिक विकास र विस्तारको गतिलाई समात्ने टिप्पणी गरिएको छ । उद्योगी व्यवसायीले सरकारको बजेटले आफ्ना सबै माग सम्बोधन गरेको भन्दै प्रसन्नता प्रकट गरेको छ ।

कोरोना महामारीको पुनरावृत्ति र २०७८ कात्तिक महिनामा आएको बेमौसमी वर्षाले धानलगायत कृषि बाली र पूर्वाधारमा पुऱ्याएको क्षतिका कारण चालु आर्थिक वर्षमा लक्षित आर्थिक वृद्धिदर हासिल गर्न चुनौति रहेको सन्दर्भलाई बजेटमा समावेश गरिएको छ । सरकारले कोरोना महामारी नियन्त्रण, रोकथाम र उपचारका लागि चालेको कदम, कोरोना विरुद्धको खोप अभियान एवं राहत तथा आर्थिक पुन:स्थापनालगायत कार्यक्रमको परिणामस्वरूप आर्थिक तथा सामाजिक जीवन सहज हुनुका साथै अर्थतन्त्रले लय लिएको विषयलाई सम्बोधन गरिएको छ । महामारीका कारण अति प्रभावित पर्यटन तथा यातायात क्षेत्रलगायत अधिकांश उद्योग व्यवसायहरू सञ्चालनमा आएको, कोभिड महामारी पश्चातको पुनरूत्थानले गति लिन थालेको अर्थतन्त्रमा बाह्य क्षेत्रको दबाब चुनौतिको रूपमा देखिएको छ । विश्व बजारमा इन्धनलगायत वस्तुहरूको मूल्य वृद्धिले थप चुनौति थपिदिएको तथ्यलाई बजेटमा समावेश गरिएको छ ।

वस्तु आयातको तुलनामा निर्यातमा उल्लेखनीय रूपमा वृद्धि भए निर्यातको साँघुरो आधार र आयातको तुलनामा न्यून परिमाण रहेकाले व्यापार घाटा उच्च रहन पुगेको छ । सोही कारण चालु खाता घाटा वृद्धि भएको छ भने भुक्तानी सन्तुलनमा पनि चाप परेको विवरणलाई बजेटले समेटेको छ ।

***चालु आवको यस्तो छ खर्च विवरण***

चालु आवमा कूल सरकारी खर्च १४ खर्ब ४७ अर्ब ५१ करोड अर्थात ८८.६ प्रतिशत हुने संशोधित अनुमान छ । कूल सरकारी खर्चमध्ये चालु खर्च नौ खर्ब ७१ अर्ब ८६ करोड अर्थात् ९१.२ प्रतिशत, पुँजीगत खर्च तीन खर्ब नौ करोड अर्थात ७९.४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ एक खर्ब ७५ अर्ब ५६ करोड अर्थात ९२.७ प्रतिशत खर्च हुने संशोधित अनुमान अर्थमन्त्रीले सदनलाई जानकारी गराए । चालु आवमा लक्ष्यको हाराहारीमा नै रही रु ११ खर्ब ५२ अर्ब ४२ करोड बराबर राजस्व संकलन हुने अनुमान छ । जुन अघिल्लो आवको तुलनामा १८ प्रतिशतले बढी हो ।

चालु आर्थिक वर्ष वैदेशिक सहायतातर्फ अनुदान २४ अर्ब ८१ करोड र ऋण एक खर्ब ७२ अर्ब ८८ करोड परिचालन हुने संशोधित अनुमान अर्थमन्त्रीको छ । चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म एक खर्ब ३५ अर्ब आन्तरिक ऋण उठाइएको छ । चालु आर्थिक वर्षमा दुई खर्ब ३१ अर्ब ३० करोड आन्तरिक ऋण परिचालन हुनेछ ।

***यस्तो छ प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरण***

आगामी आवको बजेटमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा वित्तीय समानीकरण अनुदानतर्फ प्रदेशलाई ६१ अर्ब ४३ करोड र स्थानीय तहलाई एक खर्ब २३ करोड वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको छ । सशर्त अनुदानतर्फ प्रदेश र स्थानीय तहलाई क्रमश: ५७ अर्ब १७ करोड र एक खर्ब ८३ अर्ब ७२ करोड गरी जम्मा दुई खर्ब ४० अर्ब ८९ करोड विनियोजन गरिएको छ । प्रदेश तथा स्थानीय तहलाई पूर्वाधारसम्बन्धी आयोजना कार्यान्वयन गर्न समपूरक अनुदान स्वरूप क्रमश: ६ अर्ब ३० करोड र सात अर्ब २७ करोड विनियोजन भएको छ । विशेष अनुदानतर्फ प्रदेश र स्थानीय तहलाई क्रमश: चार अर्ब ५६ करोड र रु नौ ९ अर्ब १४ करोड विनियोजन भएको छ । राजस्व बाँडफाँटबाट प्रदेश र स्थानीय तहमा एक खर्ब ६३ अर्ब ३ करोड रकम हस्तान्तरण हुने अनुमान गरिएको छ ।

***कृषिमा ५५ अर्ब ९७ करोड***

सरकारले बजेटमार्फत कृषि क्षेत्रको उन्नयनलाई जोड दिएको छ । किसानलाई आवश्यक पर्ने कृषि कर्जा किसानको घरदैलोमा सरल र सहज रूपमा उपलब्ध गराउन पाँच खर्ब बराबरको कर्जा प्रवाह गर्न एक लघु वित्त कोष स्थापना गर्ने लक्ष्य बजेटले राखेको छ । आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि १० अर्ब विनियोजन गरिएको छ ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको पुन:सरचना गरी पुँजी संरचना र संस्थागत क्षमता अभिवृद्धि गर्दै गाउँपालिका र नगर पालिकाले क्रमश: रु ५० लाख र एक करोड सम्म शेयर लगानी गर्न पाउने प्रबन्ध बजेटले गरेको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लागि पाँच अर्ब ९० करोड विनियोजन गरिएको छ । किसानसँग सरकार कार्यक्रमअन्तर्गत योगदानमा आधारित किसान पेन्सन योजना सुरूआत गर्न किसान हित कोष स्थापना गर्ने बजेटमा उल्लेख छ । सो कोषमा हरेक महिना किसानले जम्मा गर्ने रकमको १० प्रतिशत रकम नेपाल सरकारले जम्मा गरिदिनेछ । कोष स्थापना गर्न सरकारले प्रारम्भमा बीउ पुँजी बापत एक अर्ब बराबरको बजेट प्रबन्ध गरेको छ ।

धान लगायतका खाद्यान्न भण्डारणका लागि मुलुकभर १०० सामुदायिक खाद्य गोदाम घर निर्माण गर्न ४५ करोड विनियोजन गरिएको छ । कृषि बाली तथा पशु बीमाको प्रिमियममा ८० प्रतिशत अनुदान प्रदान गर्न ७६ करोड उखु किसानलाई अनुदान उपलब्ध गराउन ८१ करोड विनियोजन गरिएको छ ।

***कुन निकायलाई कति बजेट***

आगामी आवको बजेटमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको लागि १० अर्ब ४८ करोड बजेट विनियोजन गरिएको छ । पर्यटन क्षेत्रको लागि नौ अर्ब ३८ करोड बराबरको बजेट व्यवस्था गरिएको छ । हवाई पूर्वाधार विकासका लागि १२ अर्ब २४ करोड बजेट उपलब्ध भएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको लागि सात अर्ब चार करोड बजेट उपलब्ध छ । वन तथा वातावरण मन्त्रालयको लागि १३ अर्ब विनियोजन गरिएको छ । बजेटमा प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि सात अर्ब पाँच करोड उपलब्ध गराइएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको लागि नौ अर्ब १३ करोड, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लागि ६९ अर्ब ३८ करोड, स्वास्थ्य क्षेत्रको लागि प्रदेशमा ६ अर्ब २६ करोड र स्थानीय तहमा २७ अर्ब ४४ करोड हस्तान्तरण गरिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको लागि ७० अर्ब पाँच करोड, शिक्षा क्षेत्रतर्फ प्रदेशमा पाँच अर्ब ३२ करोड र स्थानीय तहमा एक खर्ब २१ अर्ब एक करोड, शहरी खानेपानी तथा सरसफाइ आयोजनाका लागि चार अर्ब ४४ करोड विनियोजन भएको छ ।

खानेपानी क्षेत्रको लागि ३७ अर्ब ३५ करोड, सामाजिक सुरक्षा भत्ता र औषधि उपचार तथा आर्थिक सहायता समेतको लागि एक खर्ब ३४ अर्ब एक करोड बजेट उपलब्ध गराइएको छ । राष्ट्रिय खेलकुद परिषद्को लागि दुई अर्ब नौ करोड गरी युवा तथा खेलकुद मन्त्रालयको लागि दुई अर्ब ४६ करोड उपलब्ध गराइएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको लागि एक अर्ब ७७ करोड बराबरको बजेट उपलब्ध हुँदा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको लागि एक खर्ब ६१ अर्ब ५६ करोड र विद्युत् प्रसारण लाइन तथा सवस्टेशन निर्माणको लागि ४३ अर्ब ९५ करोड विनियोजन भएको छ । -रासस

## कांग्रेस महामन्त्री गगन थापा हेटौंडा आउँदै

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ नेपाली कांग्रेसका महामन्त्री गगन थापा आज सोमबार हेटौंडा आउँदै छन् ।

हेटौंडा उपमहानगर पालिकामा गठबन्धनको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरुलाई स्वागत तथा सम्मान गर्न महामन्त्री थापा सोमबार हेटौंडा आउन लागेका हुन् ।

आज मध्यान्ह १२ बजे, हेटौंडा-२ स्थित मोटल एभोकाडोमा आयोजना हुने कार्यक्रमको लागि थापा हेटौंडा आउन लागेको कांग्रेस हेटौंडा नगर सचिव हर्करत्न लामाले जानकारी दिए ।

कार्यक्रमको आयोजना कांग्रेस हेटौंडा उपमहानगर समितिले गरेको हो ।

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

**Printer Shop**
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि

पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि मात्र बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार
१८ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको
३ महिना पूरा भएपछि बुस्टर खोप
लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा कोभिड - १९ विरुद्धको बुष्टर मात्रा खोप लगाउनुहोला ।

खोप कार्ड

कोभिड-१९ सङ्क्रमण भएकाहरूले सङ्क्रमणमुक्त भएको एक महिनापछि कोभिड १९ विरुद्धको खोप र बुस्टर मात्रा लिन मिल्छ ।

बुस्टर मात्रा खोप लगाउन जाँदा पूर्ण मात्रा खोप लगाएको खोप कार्ड अनिवार्य लिएर जानुहोला ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना